आज मिति २०७९ साल वैशाख ०८ गतेका दिन यस रत्ननगर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री नारायण वनज्यूको अध्यक्षतामा एवं तपशिल बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरीयो ।

उपस्थिति :

| क.सं. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नारायण वन | |
| २ | नगर उपप्रमुख | श्री बिमला देवी दुवाडी | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री शंकर सिं तमाङ्ग | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री तिलक राज पौडेल | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री गुप्तनाथ भट्टराई | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री रबिन्द्र चौधरी | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री कृष्ण महतो | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री बलराम दाहाल | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री लाल बहादुर भट्ट | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री बिनोद बस्नेत | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री रोशन आचार्य | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री केशब आचार्य | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री शशी भक्त न्यौपाने | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री बीर बहादुर पाखिन | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री चित्र बहादुर भण्डारी | |
| १६ | वडा अध्यक्ष वडा नं. १४ | श्री हरी कुमार श्रेष्ठ | |
| १७ | वडा अध्यक्ष वडा नं. १५ | श्री हुमनाथ लामिछाने | |
| १८ | वडा अध्यक्ष वडा नं. १६ | श्री हेमराज थापा | |
| १९ | कार्यपालिका सदस्य | श्री राजेन्द्र परीयार हमाल | |
| २० | कार्यपालिका सदस्य | श्री मिना गिरी | |
| २१ | कार्यपालिका सदस्य | श्री भोला देवी गौडेल | |
| २२ | कार्यपालिका सदस्य | श्री सरस्वति लामा | |
| २३ | कार्यपालिका सदस्य | श्री निर्मला कुमारी खड्का | |
| २४ | कार्यपालिका सदस्य | श्री रिता बि.क. | |
| २५ | कार्यपालिका सदस्य | श्री कृष्ण हरी परीयार | |
| २६ | कार्यपालिका सदस्य | श्री मन कुमारी बि.क. | |
| २७ | सचिव- प्रमुख प्रशासकीय अधिकृत | श्री शिशिर पौडेल | |

**अन्य उपस्थिती :**

लेखा अधिकृत श्री कृष्ण प्रसाद सुवेदी

अधिकृत छैठौं श्री अर्जुन पगेनी

" " श्री उर्मिला तमाङ्ग दाहाल

" " श्री पंकज गिरी

**निर्णय नं. १:**
नगर कार्यपालिकाको अघिल्लो बैठकको समिक्षा गरियो ।

**निर्णय नं. २:**
यस नगरपालिकाबाट जारी गरिएको अव्यवस्थित वसोवासी सम्बन्धी कार्यविधि, २०७८ अनुसार अव्यवस्थित वसोवासीको व्यवस्थापन गर्न सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३:**
रत्ननगर नगरपालिका वडा नं. ३ को वेल्सीमा बागमती प्रदेश सरकार, रत्ननगर नगरपालिका र स्थानीय वासिन्दाको लगानीमा निर्मित कभर्डहल संचालनको लागि पूर्वी चितवन स्पोर्टस क्लवले दिएको निवेदनका सम्बन्धमा उक्त कभर्ड हल नगरपालिकाको स्वामित्वमा नै रहने गरी ५(पाँच) वर्षको लागि व्यवस्थापन तथा संचालन गर्न उक्त क्लवलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ४:**
रत्ननगर नगर शिक्षा समितिको मिति २०७६।०९।१७ मा गठीत विद्यालय नक्साङ्कन कार्यदलको प्रतिवेदन एवं नगर शिक्षा समितिको मिति २०७७।०९।२२ को सिफारिस, नगर कार्यपालिकाको मिति २०७७।०९।२७ को निर्णय अनुसार शैक्षिक वर्ष २०७८।०७९ बाट कक्षा ११ मा भर्ना नगर्ने नगराउन भन्ने निर्णय भएकोमा श्री मोहना मा. वि. को विद्यालयमा कक्षा ११ संचालन गर्ने र स्रोतको सुनिश्चितता कायम गर्ने सहित प्रतिवद्धता मिति २०७९।०१।०८ गते विद्यालय स्वयंले स्रोत सुनिश्चितता गर्ने निर्णय गरेको पत्र एवं मिति २०७९।०१।०८ गतेको कबुलियत पत्रबाट स्रोत सुनिश्चितता गरी सरकारी स्रोत सुविधा प्राप्त नहुँदासम्म निजी स्रोतबाट संचालन गर्ने भएकाले पुनः कक्षा ११ र १२ मा भर्ना गर्न दिने निर्णय गरियो ।

**निर्णय नं. ५:**
समयमा काम नगर्ने योजनाका निर्माण व्यवसायीलाई नियमानुसार पेनाल्टी लगाई कामका लागि पुनः ताकेता गर्ने र कानून बमोजिम कालो सूचीमा राख्ने सम्बन्धमा अध्ययन गरी पुनः कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**
कर्मचारीको स्तरबृद्धि सहित समायोजन सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझावका सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं. ७:**
विज्ञापन करको बाँकी रकम बुझाउन लगाई बैंक ग्यारेन्टीको म्याद थप गरेर मात्र चालु आ.व. को कार्यादेश दिने साथै आगामी आ.व. २०७९।०८० का लागि विज्ञापन कर, फोहोर मैला व्यवस्थापन र सूचना प्रकासनको लागि सूचना प्रकासन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:**
वन वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिस वमोजिम तपसिलका व्यक्तिहरुलाई विपद व्यवस्थापन शिर्षकबाट निम्नानुसार सहयोग उपलव्ध गराउने निर्णय गरियो ।
क. श्री माया आचार्य, रत्ननगर १० रु. ७,०००।- (सात हजार)
ख. श्री मन कुमारी तमाङ्ग, रत्ननगर १२ रु. ७,०००।- (सात हजार)
ग. रत्ननगर ८ बस्ने सुशिल चौधरीलाई गोहीको आक्रमणबाट सख्त घाईते भएकोले सहयोग स्वरुप रु. ७,०००।- (सात हजार) उपलव्ध गराउने ।

**निर्णय नं. ९:**
रत्ननगर नगरपालिका वडा नं. १ सौराहाचोक स्थित बसपार्क ठेक्का सम्बन्धमा निज ठेकेदारले दिएको निवेदन प्रस्तुत भएकोमा अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:**
कार्यालय कामको शिलशिलामा बाहेक भ्रमण आदेश स्वीकृत गराउने संस्कार देखिएको र भ्रमण भत्तामा विनियोजित वजेट सकिएकोले कार्यालयको अनिवार्य कामको लागि बाहेक भ्रमण आदेश स्वीकृतिका लागि पेश नगर्न सम्पूर्ण कर्मचारीहरुमा जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ११:**
निम्न योजनामा निम्नानुसार शिर्षकबाट रकम बाडफाँड गर्ने निर्णय गरियो ।
क. मदन आश्रित स्मृति प्रतिष्ठानको परिसरमा मोज्याक टायल लगाउने रु. ३,००,०००।- (विविध सार्वजनिक निर्माण शिर्षकबाट)
ख. लौरीघोल ताल संरक्षण रु. ६,७०,०००।- (सार्वजनिक जग्गा संरक्षण तथा घेरावार शिर्षकबाट)

**निर्णय नं. १२:**
रत्ननगर नगरपालिकाको विधायन समितिको सिफारिस वमोजिम नगरपालिकाको घ वर्गको निर्माण ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को अनुसुची ५ को दफा ३ मा रहेको मेशिन तथा उपकरण शिर्षकको खण्ड (क) को सवारी साधन ट्रयाक्टर/टिपर १/१ थान भनी तोकिएकोमा ट्रयाक्टर/टिपर मध्ये कुनै एक आफ्नै स्वामित्वमा हुनु पर्ने साथै यस नगरपालिका क्षेत्रमा कार्यालय रहने गरी स्थापना भएका निर्माण व्यवसायीहरुलाई मात्र ईजाजत पत्र उपलब्ध गराउने गरी कार्यविधि संसोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:**
रत्ननगर नगरपालिकाको विधायन समितिको सिफारिस वमोजिम मेलमिलाप केन्द्र कार्यविधि २०७६ को दफा ७ मा उपदफा ११ थप गरी नगरपालिकाका निवर्तमान नगर उप प्रमुख (न्यायिक समितिका संयोजक) रत्ननगर नगर मेलमिलाप केन्द्रको पदेन सदस्य रहेन गरी पहिलो संसोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४:**
नयाँ वर्ष २०७९ को शुभ अवसरमा सम्पूर्ण नगरवासीहरुमा उत्तरोत्तर उन्नती, सुख शान्ति एवं सम्बृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने साथै मिति २०७९।०१।१० गते निर्वाचित जनप्रतिनिधीहरुलाई शुभकामना तथा सम्मानित गर्ने निर्णय गरियो ।